**उच्च अदालत तुलसीपुर,नेपालगञ्ज इजलास**

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री पवन कुमार शर्मा न्यौपाने

आदेश

दायरी नम्बरः-०७६-WO-०११५

रजिष्ट्रेशन नं.-१३-०७६-०१२२७

**मुद्दाः-परमादेश।**

विश्वजित तिवारी समेत------------------------------------------------------------। निवेदक

विरुद्ध

जिल्ला प्रशासन कार्यालय, बाँके समेत----------------------------------------------। प्रत्यर्थी

प्रस्तुत निवेदन अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री इन्द्रजित तिवारी ,विद्धान अधिवक्ता श्री प्रहलाद बहादुर कार्की, विद्धान अधिवक्ता वसन्त गौतम, विद्धान अधिवक्ता श्री विकास आचार्य, विद्धान अधिवक्ता श्री केवलसिंह थारु, विद्धान अधिवक्ता श्री चित्र बहादुर शाही , विद्धान अधिवक्ता श्री डा. कौशल कुमार बर्मा, विद्धान अधिवक्ता श्री सुदिप कुमार भट्टराई, विद्धान अधिवक्ता श्री राकेश कुमार सोनीले गर्नुभएको बहस समेत सुनियो ।

यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुनु पर्ने, नपर्ने के हो? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत साथै राखी म्याद सूचना तामेल भएका मितिले बाटाको म्याद बाहेक १५(पन्ध्र) दिनभित्र प्रत्यर्थीहरु ५ र १० को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी मार्फत , प्रत्यर्थीहरु १२, १३, १४ र १५ को हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय, बुटवल मार्फत र अन्यको हकमा उच्च सरकारी वकिल कार्यालय, नेपालगञ्ज मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि समेत

साथै राखी प्रत्यर्थीहरुका नाउँमा म्याद सूचना जारी गरी लिखित-जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु ।

निवेदकले अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा, कोरोना भाइरसको महामारीले विश्वनै सन्त्रासमा बाँची रहेको आजको परिप्रेक्षमा जनताको आधारभुत स्वास्थ्यको जिम्मा लिएको सरकारले आफ्नो हरेक श्रोतको परिचालन गरी जनतालाई Right to health को प्रत्याभुति दिनु कर्तव्य भएको हुँदा निवेदकले उठाएको विषयमा सर्वसाधारण नागरिकलाई कोरोना भाइरस रोगको निशुल्क औषधी उपचार परिक्षण र निशुल्क स्वास्थ्य उपचारबाट बञ्चित नगर्नु कानून बमोजिमको निशुल्क औधषी उपचार, रोकथाम, परिक्षण, निशुल्क मास्क, सैनेटाइजर उपलब्ध गराउनु र सबै बिद्यालय, कार्यालय, संघ संस्था ,अस्पताल स्वास्थ्य संस्था समेतमा हात धुन सावुन, हेण्ड वाश, सेनेटाइजर समेतको व्यवस्था तत्काल गर्नु गराउनु नागरिकहरुको यस महामारीबाट जीवन रक्षा गरी स्वास्थ्य अधिकारबाट बञ्चित नगर्नु र यस बारे उपयुक्त अनुगमन समेत गर्नु गराउनु भनी प्रत्यर्थीहरुको नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ र उच्च अदालत नियमावली , २०७३ को नियम ४२ (१) बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ ।आदेशको जानकारी यथासक्य छिटो प्रत्यर्थीहरुलाई गराई नियमानुसार पेश गर्नु ।

न्यायाधीश

इति सम्वत २०७६ साल चैत्र महिना ३ गते रोज २ शुभम्-----------------------------------।